# विद्यावारिधि कार्यक्रम तथा भर्ना योग्यता सम्बन्धी जानकारी

## कार्यक्रमको ढाँचा तथा समयावधि

- विद्यावारिधिको अवधि न्यूनतम ४ सेमेस्टर र बढीमा ८ सेमेस्टरसम्मको हुनेछ ।
- विद्यावारिधि भर्नाको छनोट प्रक्रिया पुरा गरी कार्यक्रममा भर्ना भएको मितिदेखि नै विद्यावारिधिमा अस्थायी नाम दर्ता भएको मानिनेछ ।
- अस्थायी दर्ता भएको मितिले दुई वर्ष (चार सेमस्टर) पुरा भएपछि कुनै पनि समयमा विद्यावारिधि उपाधिका लागि शोधप्रबन्ध बुझाउन सकिनेछ । ४ वर्ष (८ सेमेस्टर) भित्र पनि शोधप्रबन्ध पेस गर्न नसकेको खण्डमा शोधनिर्देशकको सिफारिसमा एक वर्ष समय थप गर्न सकिनेछ । यदि थप समयावधि भित्र पनि शोधप्रबन्ध बुझाउन नसकेमा स्थायी नाम दर्ता रद्द भएको मानिने छ ।
- स्थायी नाम दर्ता रद्द भएको अवस्थामा शोधार्थीले फेरि त्रि.विको एकिकृत विद्यावारिधि निर्देशिका वमोजिमको प्रक्रिया पुरा गरी पून: नाम दर्ता गराउन सक्नेछन् ।

## शोधार्थीको उपस्थिति

- डीनको कार्यालय वा ग्राजुयटस्कुलले सञ्चालन गरेका पाठ्यांश कार्य तथा कार्यशाला गोष्ठीमा उपस्थितिको अभिलेख राखिनेछ । यस प्रकारको कार्यमा कम्तीमा ८० प्रतिशत हाजिरी हुनुपर्नेछ ।

## विद्यावारिधि (Ph. D.) मा भर्ना हुनका लागि योग्यता :

क) विद्यावारिधिमा भर्नाका लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले आवेदन दिन सक्नेछन् :

१) सम्वन्धित विषयमा त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा एम. फिल. उत्तीर्ण गरेका

वा

२) कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षामा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

वा

३) कुनै पनि विषयमा स्नोतकोत्तर गरी अन्य सङ्कायबाट एम.फिल.गरेका तर शिक्षाशास्त्र संकायमा कार्यरत शिक्षक ।

वा

४) कुनै पनि अन्य सङ्कायबाट विद्यावारिधि गरेका ।

ख) भर्नाका लागि निवेदकले तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ । आवेदन फाराम ग्राजएट स्कुल अफ एजुकेसनको वेवसाइड gse.tu.edu.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । साथै आवेदन फाराम यस कार्यालयबाट समेत उपलब्ध हुनेछ ।

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय

ग) यस कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थीहरूले ग्राजुएट स्कुल अफ एजुकेसनले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तीर्ण हुनु पर्नेछ ।

**विषयगत रुपमा विद्यावारिधि तहमा भर्ना हुनका लागि योग्यता**

क) **शिक्षा अध्ययन (Education Studies)**

त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका

वा

शिक्षाशास्त्रको कुनै पनि विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

ख) **अङ्ग्रेजी शिक्षा (English Education)**

अङ्ग्रेजी शिक्षा विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका ।

वा

अङ्ग्रेजी विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

ग) **गणित शिक्षा (Mathematics Education)**

गणित शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका ।

वा

गणित विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

घ) **स्वास्थ्य शिक्षा (Health Education)**

स्वास्थ्य शिक्षा विषयहरूमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर

वा

स्वास्थ्य शिक्षा विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

ङ) **नेपाली शिक्षा (Nepali Education)**

नेपाली शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका ।

वा

नेपाली शिक्षा विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

च) **सामाजिक अध्ययन शिक्षा (Social Studies Education)**

सामाजिक अध्ययन शिक्षा विषयसँग सम्वन्धित (गणित, विज्ञान, सूचना तथा सञ्चार प्रविधि शिक्षा (ICT Education) र भाषा विषय वाहेक) विशिष्टीकरण विषयमा एम.फिल उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

सामाजिक अध्ययन शिक्षा विषयसँग सम्वन्धित (गणित, विज्ञान, सूचना तथा सञ्चार प्रविधि शिक्षा (ICT Education) र भाषा विषय वाहेक) विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

छ) **समावेशी शिक्षा (Inclusive Education)**

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रका कुनैपनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा एम.फिल तह उत्तीर्ण गरेका,

वा

शिक्षाशास्त्रका कुनैपनि विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर

ज) **शारीरिक शिक्षा (Physical Education )**

शारीरिक शिक्षा विषयसँग सम्वन्धित विशिष्टीकरण विषयमा एम.फिल उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

शारिरीक शिक्षा विषयमा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाईन्टमा पुरा गरेका ।

**विद्यावारिधि कार्यक्रम शुल्क विवरण**

(क) प्रवेश आवेदन शुल्क रु. १५००/-

(ख) कृति तथा प्रस्ताव मूल्याङ्कन तथा अन्तरवार्ता शुल्क रु. ५,०००/-

(ग) भर्ना शुल्क रु. १०,०००/-

(घ) सेमेष्टर शुल्क रु. ३०,०००/- (प्रति सेमेष्टर)

नोट:: प्रवेश आवेदन शुल्क रु. १५००/- र कृति तथा प्रस्तावना मूल्याङ्कन तथा अन्तरवार्ता शुल्क रु. ५,०००/- शिक्षाशास्त्र संकाय डीनको कार्यालयको नाममा नेपाल बैक लिमिटेड कीर्तिपुर शाखाको च.हि.नं ०४५००१०००९९०४३०००००१ मा जम्मा गरी सो को भौचर शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयको लेखा शाखामा बुझाई सो को रसिद सहित प्रवेश आवेदन फाराम लिन र बुझाउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
ग्राजुएट स्कूल अफ एजुकेशन
कीर्तिपुर